**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०१ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले डिजिटल इंडिया एक जन आंदोलन बनेको बताउनुभएको छ।
- कलकत्ता उच्च न्यायलयले आज पश्चिम बंगाल स्कूल सेवा आयोग को नयाँ भर्ती अधिसूचनाको सम्बन्धमा, आयोग साथै राज्य सरकारसित स्पष्टीकरण मांगेको छ।
- मुख्यमंत्री ममता ब्यानर्जीले राज्यको पहिलो आर्टिफिशियल इंटेलिजेंस आधारित परियोजना बंगाल को लागि माइलखुट्टी रहेको बताउनुभएको छ।
- आज राष्ट्रीय चिकित्सक दिवस हो।
- सिलीगुड़ी मेट्रोपॉलिटन पुलिसको तर्फबाट एक जुलाई देखि आठ जुलाई सम्म सड़क सुरक्षा सप्ताह कार्यक्रम आयोजित गरिनेछ।

**प्रधानमंत्री डिजिटल इन्डिया 6.50**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्न भएको छ डिजिटल इन्डिया एक जनआन्दोलन बनेको छ र आत्मनिर्भर भारत निर्माण गर्न र भारतलाई विश्वको लागि एक विश्वसनीय नवाचार साझेदार बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। डिजिटल इंडिया कार्यक्रमको दस वर्ष पूरा भएकोमा एक ब्लगमा उहाँले भन्नुभयो भारत डिजिटल शासन देखि वैश्विक डिजिटल नेतृत्व तर्फ अघाड़ी बढ़िरहेको छ।

**डिजिटल इंडिया**

डिजिटल इंडियाको आज १० वर्ष पूरा भएको छ। डिजिटल इंडियाले देशका आम नागरिकहरुलाई तकनीकसित जोड़ेको छ। यसले गर्दा मानिसहरुको जीवन सहज भएको छ।

बाईट

****** ० ******

**एस.एस.सी**

कलकत्ता उच्च न्यायलयको एकल पीठले आज पश्चिम बंगाल स्कूल सेवा आयोग (डब्ल्यूबीएसएससी) को नयाँ भर्ती अधिसूचनामा प्रश्न खड़ा गरेको छ। सर्वोच्च न्यायालयद्वारा गत अप्रेल महिनामा 25 हजार 7 सय 53 शिक्षण अनि गैर-शिक्षण पदहरुका नियुक्तिलाई रद्द गरिए पछि रिक्त भएका पदहरुलाई भर्नको लागि यो अधिसूचना जारी गरिएको हो। न्यायमूर्ति सौगत भट्टाचार्यको अध्यक्षता रहेको पीठले सुनवाईको अवधि, सर्वोच्च न्यायालयले नयाँ भर्ती २०१६ मा लागु गरिएको नियमावली अनुसार हुन पर्ने स्पष्ट आदेश दिएता पनि आयोगले नयाँ अधिसूचना मा बेग्लै मापदण्ड किन शामेल गर्यो भनी प्रश्न गरेको छ। सर्वोच्च न्यायलयको यस सम्बन्धमा स्पष्ट निर्देश रहेता पनि अधिसूचनामा अयोग्य चिन्हित गरिसकिएका उम्मेद्वारहरुलाई नयाँ चयन मा भाग लिन देखि किन रोकिएन भनी पनि न्यायलय ले प्रश्न गरेको छ। अधिसूचना मा चिन्हित अयोग्य अभ्यर्थीहरुलाई नयाँ प्रक्रिया मा भाग लिने अनुमति नदिइने स्पष्ट उल्लेख हुन पर्ने पनि न्यायलयले बताएको छ। यस मामलामा न्यायालयले राज्य सरकार अनि डब्ल्यूबीएसएससीसित यी दुवै मुद्दामा स्पष्टीकरण मांगेको छ।

**कोलकाता दुष्कर्म मामला**

साउथ कलकत्ता लॉ कॉलेज मा भएको दुष्कर्म मामला का ३ मुख्य आरोपी अनि सुरक्षा गार्डलाई आज अलीपुर न्यायालय मा प्रस्तुत गरिएको छ। यसै बीच, कोलकाता पुलिस आयुक्त मनोज कुमार वर्माले यस दुष्कर्म मामला को जांच जारी रहेको बताउनुभएको छ।

**ला कलेज प्रदर्शन**

साउथ कलकत्ता लॉ कॉलेज मा पढ़ने 24 वर्षीय छात्रा सित भएको सामूहिक दुष्कर्मको घटना पछि आज कॉलेज का छात्रहरुले कॉलेज परिसर बाहिर प्रदर्शन गरे। छात्रहरुले यस घटनालाई लिएर आक्रोश व्यक्त गर्दै कॉलेज प्रशासनसित तत्काल एवं ठोस कदम उठाउने मांग गरेको छ। छात्रहरुले नारा लगाउँदै न्यायको मांग गरे। प्रदर्शनकारी छात्रहरुले कॉलेजमा निष्पक्ष अनि स्वतंत्र प्रबन्धक निकाय को गठन तथा यसमा छात्रहरुका प्रतिनिधि पनि शामेल हुने पर्ने मांग गरेका छन्। कॉलेजमा असल सुरक्षा व्यवस्था नरहेको पनि छात्रहरुले बताएका छन्। घटना पछि कॉलेज प्रशासनले कार्यवाहीले गर्दै संविदा कर्मचारी रहेका मुख्य आरोपितको सेवा समाप्त गर्नका साथै दुष्कर्ममा संलग्नरहेका दुइ आरोपित छात्रलाई कॉलेजबाट निष्कासित गरिदिएको छ।

**ए-आई परियोजना**

राज्यको पहिलो आर्टिफिशियल इंटेलिजेंस आधारित परियोजना लगभग पुरा भइसकेको छ। राज्यको मुख्यमंत्री ममता ब्यानर्जीले आज न्यू टाउनको एक अत्याधुनिक आईटी हबको लागि 'ऑक्युपेंसी सर्टिफिकेट' जारी गरिएको घोषणा गर्नुभएको छ। यो एआई केन्द्र आईटीसी इन्फोटेक द्वारा न्यू टाउनको एक्शन एरिया-श्री मा 17 एकड़ जमीनमा विकसित गरिन्दैछ। मुख्यमंत्रीले यस परियोजनाद्वारा पांच हजार मानिसहरुले रोजगार प्राप्त गर्ने कुरो बताउनुभएको छ। यो एआई केन्द्र पश्चिम बंगालमा तकनीकी निवेशको नया केंद्र बनी रहेको छ। परियोजनामा लगभग 12 सय करोड़ रुपियाँको निवेश गरिएको छ। मुख्यमंत्री ममता बनर्जीले यो परियोजना बंगाल को लागि माइलखुट्टी रहेको बताउनुहुँदै यस परियोजनाले राष्ट्रीय अनि अंतरराष्ट्रीय स्तरको डिजिटल अनि तकनीकी निवेशमा राज्यलाई नयाँ दिशा दिने तथा राज्यको प्रगतिलाई अझ तिव्रता दिने बताउनुभएको छ। उल्लेखनीय छ यसै वर्ष फरवरी महिनामा आयोजित बंगाल ग्लोबल बिजनेस समिट 2025 मा मुख्यमंत्रीले ग्लोबल सेंटर ऑफ एक्सीलेंस फॉर आर्टिफिशियल इंटेलिजेंसको उद्घाटन गर्नुभएको थियो।

**चिकित्सक दिवस**

पश्चिम बंगालको मुख्यमंत्री ममता बनर्जीले आज राज्य का पहिलो मुख्यमंत्री डॉक्टर बिधान चंद्र रायको जयंती तथा पुण्यतिथि को अवसरमा उहाँलाई श्रद्धांजलि अर्पित गर्नुभयो। यो दिन राष्ट्रीय चिकित्सक दिवस को रूपमा पनि मनाइन्छ। डॉक्टर रायको स्मृतिमा सामाजिक संजालमा सुश्री ब्यानर्जीले सबै डॉक्टर एवं चिकित्सा सेवासित जुड़ेका भाइ-बहनीहरुलाई शुभकामना एवं बधाई भनी लेख्नु भएको छ। भारत मा राष्ट्रीय चिकित्सक दिवस को शुरुआत वर्ष 19 सय 91 मा डॉक्टर रायको चिकित्सा क्षेत्र मा योगदानलाई सम्मानित गर्ने उद्देश्यले गरिएको थियो। डॉक्टर राय एक प्रख्यात चिकित्सक हुनका साथै भारतीय राष्ट्रीय कांग्रेस का नेता अनि आधुनिक पश्चिम बंगाल का वास्तुकार पनि थिए। उहाँ 19 सय 50 देखि 19 सय 62 सम्म राज्यका मुख्यमंत्री पनि थिए। एक जुलाई 18 सय 82 मा जन्मनु भएका डॉक्टर रायको निधन आजको दिन नै 1962 मा भएको थियो। उहाँलाई 19 सय 61 मा भारत रत्नद्वारा पनि सम्मानित गरिएको थियो। मुख्यमंत्रीको रूप मा उहाँको कार्यकालको अवधि उहाँले कल्याणी, दुर्गापुर अनि साल्टलेक जस्ता शहरहरुको आधारशिला पनि राख्नुभएको थियो। यसको साथै आईआईटी खड़गपुर जस्ता धेरै प्रमुख संस्थानहरुको स्थापनामा पनि उहाँले मुख्य भूमिका निर्वाह गर्नुभएको छ।

**सड़क सुरक्षा सप्ताह**

सिलीगुड़ी मेट्रोपॉलिटन पुलिसको तर्फबाट एक जुलाई देखि आठ जुलाई सम्म सड़क सुरक्षा सप्ताह कार्यक्रम आयोजित गरिनेछ। यसै क्रम मा जलपाईमोड़ ट्रैफिक गार्ड क्षेत्रमा आज जागरूकता अभियान शुरू गरियो। यसको साथै एक निःशुल्क स्वास्थ्य जांच शिविर अनि रक्तदान शिविरको पनि आयोजन गरियो जसमा स्थानीय नागरिकहरु साथै पुलिसकर्मीले धेरै संख्यामा भाग लिए। यस कार्यक्रमको उद्घाटन सिलीगुड़ी मेट्रोपोलिटन पुलिस कमिश्नर सी.सुधाकरले गर्नुभएको थियो। श्री सुधाकरले आज देखि आगामी आठ जुलाई सम्म सड़क सुरक्षा सप्ताह कार्यक्रम शहरको विभिन्न ट्रैफिक पॉइंटमा आयोजित गरिने बताउनु भयो। उहाँले यस विशेष कार्यक्रम अन्तर्गत साधारण मानिसहरुलाई ट्रैफिक नियमहरु बारे जानकारी दिइन साथै हेलमेट प्रदान गरिने पनि बताउनुभयो।

**चिकित्सक दिवस-खरसाङ्ग**

आज राष्ट्रिय चिकित्सक दिवस"- को उपलक्ष्यमा, विगत वर्ष झैं यस वर्ष पनि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा समितिको पहलमा खरसाङ महकुमा अस्पतालका कार्यरत डाक्टरहरूलाई खादा र उपहार अर्पण गर्दै हार्दिक बधाई एवं शुभकामना व्यक्त गरियो। उनीहरूको सेवाप्रति आभार प्रकट गर्दै भविष्यमा पनि रोगीहरूको उपचारमा सहयोग गरिदिन अनुरोध गरियो। कार्यक्रमको विशेष क्षणमा, खरसाङ अस्पतालबाट अवकाश प्राप्त भए तापनि खरसाङप्रति माया र सेवाभाव राख्ने चिरपरिचित डा. बारूईलाई हनुतराम दवाई दोकानको उपचार कोठामा पुगेर सम्मान गरियो। उहाँलाई सुस्वास्थ्यको कामना गर्दै उहाँको समर्पणप्रति कृतज्ञता व्यक्त गरियो। त्यस्तै, दवाई दोकानका मालिक डा. रूद्र कुमार अग्रवाललाई पनि खादा अर्पण गरेर सम्मानित गरियो।

**कारगिल बिजय दिवस**

कारगिल बिजय दिवस को रजत जयन्तीको अवसरमा भारतीय सेना द्वारा कारगिल युद्धमा आफ्नो प्राण आहुति दिने शहिद मन बहादुर राईलाई श्रद्धाञ्जली अर्पन गरिएको छ । यस अवसरमा शहिद का पुत्र प्रशन राई अनि पुत्री प्रनिता राईलाई पिताको योगदानको मुल्यांकन गर्दै प्रशस्ती पत्र एवं प्रतीक चिन्ह प्रदान गरेर सम्मानित गरियो। सैनिकका जवानहरुले विभिन्न स्थानका शहिदहरु सरह शहिद मनबहादुर राईको देशप्रेम अनि त्यागको सम्मान गरिएको छ। सुकेपोखरी निवासी शहिद मन बहादुर राई छह एघार गोर्खा राइफल्सका एक होनहार सैनिक थिए जसले १२ जुन १९९९ को दिन कारगील युद्धमा वीर गति प्राप्त गरेका थिए ।भरतीय सेनाले घर घर सौर्य सम्मान पहल अन्तर्गत शहिद मन बहादुर राईको योगदानलाई सम्मान गरेको हो। स्मरण गराइन्छ , शहिद मन बहादुर राईको नाममा भारत सरकारले बर्ष २००३ देखि मिरिकमा इन्डेन ग्यास एजेन्सी प्रदान गरेपछि आज १३ हजार भन्दा अधिक उपभोक्ताहरु यसका लाभार्थी रहेका छन् ।

**मिरिक-श्रद्धाञ्जली**

मिरिकको टिङलिङ लिम्बुधुरामा बिहानको उज्यालो देख्न नपाई १९ जनाले पैह्रोको चपेटमा परि ज्यान गुमाएको आज दश वर्ष पूरा भयो। यस अवसरमा आज लिम्बूधुरा गाउँ समाजले श्रद्धाञ्जली कार्यक्रमको आयोजना गर्यो। गाउँ स्थानीय भानुरात्री पाठशाला भवनमा सम्पन्न भएको यस श्रद्धाञ्जली कार्याक्रममा ज्यान गुमाउने एघार जनालाई समाजका सदस्यहरुले दीप जलाइदिएर पुष्प चढाइ श्रद्धाञ्जली अर्पन गरे।